# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

**वक्तृत्वकला र कविता प्रतियोगितामा सहभागिताको लागि आव्हान गरिएको सूचना**

**प्रकाशन मिति** २०७५ पौष ४

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २८ औं स्थापना दिवस (२०७५ माघ २८) को अवसरमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएकोले कुनै एक विधामा सहभागिताको लागि आव्हान गरिएको छ।

१. वक्तृत्वकला प्रतियोगिताका लागि "**भ्रष्टाचार विरुद्धको सहकार्य, सुशासनका लागि अपरिहार्य**" शीर्षकमा अधिकतम बोल्ने समय २० (बीस) मिनेट हुनेछ।

२. कविता भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन सम्वन्धी विषयवस्तुमा बढिमा ३०० (तीनसय) शब्द सम्मको हुनु पर्नेछ।

३. वाचन गर्ने कविता वा वक्तृत्वकलामा बोल्ने विषयवस्तुको ढाँचा नेपाली भाषामा तयार गरी लिखित प्रति वा सफ्टकपी आफ्नो सम्पर्क नम्वर समेत संलग्न गरी मिति २०७५ पुस २३ गते भित्र आई पुग्ने गरी तोकिएको आयोगको कार्यालय वा ई-मेलमा पठाउनु पर्नेछ।

४. वक्तृत्वकलामा कक्षा ११,१२ वा विश्वविद्यालयस्तरका र कवितामा जुनसुकै तहमा नियमित अध्ययनरत विद्यार्थीहरुले भाग लिन सक्नेछन् । प्रतियोगितामा २५ (पच्चीस) वर्ष ननाघेका विद्यार्थीहरुले मात्र भाग लिन पाउनेछन् र सहभागीले उमेर खुल्ने गरी नियमित विद्यार्थी रहेको व्यहोरा शैक्षिक संस्थाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

५. आयोगबाट विगतका ३ (तीन) वर्षमा आयोजना भएको कविता तथा वक्तृत्वकला प्रतियोगितामा भाग लिई प्रथम, द्वितीय र तृतीय पुरस्कार प्राप्त गरिसकेकाहरु सोही विधामा पुनः भाग लिन सक्ने छैनन्।

६. प्रथम चरणको प्रतियोगिता तोकिएको आयोगको कार्यालयमा मिति २०७५ माघ ४ गते हुनेछ। प्रथम चरणबाट छनौट भएका दुबै विधाका एक/एक जनालाई काठमाडौंमा हुने दोश्रो चरणको प्रतियोगितामा सहभागी हुन फोन वा मोबाईलबाट जानकारी गराईनेछ र निजहरुलाई काठमाडौंसम्म आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरे बमोजिम दिईनेछ ।

७. पुरस्कार राशी : प्रथम रु. २५,०००/-, द्वितीय रु. १५,०००/-, तृतीय रु. १०,०००/- र सान्त्वना पुरस्कार २(दुई) जनाको लागि जनही रु.५,०००/- रहेको छ।

८. **रचनाको ढाँचा उपलब्ध गराउने आयोगको कार्यालय, ई-मेल ठेगाना र सम्पर्क व्यक्तिको विवरणः**

क) **काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका सहभागीको लागि-** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं, ई-मेलः akhtiyar@ntc.net.np, प्रमोदकुमार ढुंगाना, ०१-५२६२१५४, ९८४१३६३१४८

ख) **ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलखुम्वु, ओखलढुंगा, झापा, मोरङ, सुनसरी र सप्तरी जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय इटहरी, ई-मेलःciaaitahari@gmail.com, गिरिराज भट्टराई, ०२५-५८७४५५, ९८४९६३९५४४

ग) **सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिन्धुली र उदयपुर जिल्लाका सहभागीको लागि-**आयोगको कार्यालय बर्दिवास, ई-मेलःciaabardibas@gmail.com, पुरुषोतम ढकाल, ०४४-५५०७५३, ९८४९८०६४६९

घ) **दोलखा, रामेछाप, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ्ग, चितवन, मकवानपुर, बारा र पर्सा जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय हेटौंडा, ई-मेलःciaamro@gmail.com, विकास वि.क, ०५७-५२१७४४, ९८४५१५१७३३

ङ) **गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, ,स्याङ्जा, म्याग्दी र बाग्लुङ जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय पोखरा, ई-मेलःciaapkr@gmail.com, खुमराज आचार्य, ०६१-५४०४५१, ९८४१९६६०००

च) **नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वि भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय बुटवल, ई-मेलःciaabutwal@gmail.com, सुरेश भुषाल, ०७१-५४००३१, ९८५७०६३१४६

छ) **रुकुम (पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत र सल्यान जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय सुर्खेत, ई-मेलःciaasurkhet@gmail.com, मेघनाथ सापकोटा, ०८३-५२३१७८, ९८४८०२८१०४

ज) **बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय कञ्चनपुर, ई-मेलःciaa_kanchanpur@yahoo.com, परमानन्द पन्त, ०९९-५२०३६८, ९८४३४२३६८९

**नोटः** काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, धादिङ्ग, रामेछाप र रसुवा जिल्लाका प्रतियोगीहरुले आयोगको कार्यालय, काठमाडौंमा दोहोरो नपर्ने गरी आफ्नो रचना उपलब्ध गराउन सक्नेछन्।

९. यो सूचना आयोगको वेव साइट www.ciaa.gov.npमा पनि हेर्न सकिनेछ।